श्री सम्मानीय प्रधानमन्त्रीज्यू

मिति:२०८३/०१/२४

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार

मार्फत

श्री प्रमुख जिल्ला अधिकारीज्यू

जिल्ला प्रशासन कार्यालय हुम्ला

नेपालबोट.com वास्तविक समाचार, सन्तुलित बिचार

विषयः ज्ञापन पत्र।

महोदय,`

हामी हुम्ला जिल्लाका नागरिक तथा स्थानीय तहका पदाधिकारी यस ज्ञापन पत्रमार्फत गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं कि हुम्ला जिल्लाको नाम्खा गाउँपालिका, खार्पुनाथ गाउँपालिका र सर्केगाड गाउँपालिकाको सीमाक्षेत्र अन्तर्गत पर्ने "लामपाटा च्याचौर" क्षेत्रमा हिमाली गाउँपालिकाको पहलमा जिल्ला प्रशासन कार्यालय बाजुरा बाट प्रहरी चौकी स्थापना गर्ने तयारी भइरहेको भन्ने जानकारी प्राप्त भएको छ।

उक्त कार्यले दुई जिल्लाबीचको भौगोलिक सीमा, प्रशासनिक अधिकार क्षेत्र तथा स्थानीय तहहरुको अधिकारक्षेत्र सम्बन्धमा गम्भीर विवाद उत्पन्न हुन सक्ने देखिएको हुँदा यसप्रति हाम्रो गम्भीर आपति रहेको छ।

नेपालको संविधान, प्रचलित कानून तथा प्रशासनिक सीमांकन अनुसार कुनै पनि सुरक्षा निकाय वा प्रशासनिक संरचना स्थापना गर्दा सम्बन्धित जिल्ला, स्थानीय तह तथा सरोकारवालासँग समन्वय, तथ्यगत अध्ययन तथा औपचारिक सहमति आवश्यक हुने व्यवस्था र अभ्यास रहेको छ। तर हुम्ला जिल्लाका स्थानीय तह, जनप्रतिनिधि तथा स्थानीय नागरिकसँग कुनै समन्वय नगरी एकतर्फी रुपमा यस्तो प्रक्रिया अगाडि बढाइएको देखिएकोले स्थानीय जनतामा असन्तोष तथा अन्योल सिर्जना भएको छ।

अतः निम्न मागहरू तत्काल सम्बोधन गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं:

मागहरू

१. हुम्ला जिल्लाको अधिकार क्षेत्रभित्र पर्ने "लामपाटा च्याचौर" क्षेत्रमा बाजुरा जिल्लाको पहलमा प्रहरी चौकी स्थापना गर्ने कार्य तत्काल रोकियोस्।

२. उक्त क्षेत्रको वास्तविक भौगोलिक तथा प्रशासनिक सीमा सम्बन्धमा संघीय सरकारबाट आधिकारिक अध्ययन तथा नापजाँच गरियोस्।

३. सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, जनप्रतिनिधि तथा स्थानीय नागरिकबीच समन्वय र सहमति बिना कुनै प्रशासनिक वा सुरक्षा संरचना स्थापना नगरियोस्।

४. सम्भावित जिल्ला सीमा विवाद समाधानका लागि उच्चस्तरीय छानबिन तथा समन्वय समिति गठन गरियोस्।

५ हुम्ला जिल्लाको ६ वटा गाउँपालिका ( नाम्खा सिमकोट, खार्पुनाथ, सर्केगाड, अदानचुली र ताँजाकोट) को सिमाना र बाजुरा जिल्लाको हिमाली गाउँपालिका संग जोडिएको मास्पुर जौले छिप्रेझुल लाम्पाटा च्याचौर दगल्च्या रानी सैन डुवानी खोला गोपीलेक क्षेत्र परापुर्वकाल देखि हुम्लीबासीले भोगचलन गर्दै आएको अगवत गराइन्छ।

६. स्थानीय जनभावना, ऐतिहासिक प्रयोग तथा प्रशासनिक अभिलेखलाई आधार मानी निष्पक्ष निर्णय गरियोस्।

हामी आशा गर्दछौं कि नेपाल सरकारबाट यस विषयमा गम्भीर ध्यान दिई सम्भावित द्वन्द् तथा प्रशासनिक जटिलता उत्पन्न हुन नदिन आवश्यक पहल गरिनेछ।

नेपालबोट.com वास्तविक समाचार, सन्तुलित बिचार

धन्यवाद।

CS Scanned with CamScanner

नेपालबोट
वास्तविक समाचार, सन्तुलित बिचार

भवदीय

| | |
|---|---|
| १ श्री बिजय भण्डारी | अध्यक्ष सिमकोट गाउँपालिका |
| २ श्री कर्ण बहादुर रावल | अध्यक्ष खार्पुनाथ गाउँपालिका |
| ३ श्री प्रेम बहादुर लामा | अध्यक्ष नाम्खा गाउँपालिका |
| ४ श्री ठान बहादुर रोकाया | अध्यक्ष सर्केगाड गाउँपालिका |
| ५ श्री लालकेश जैसी | अध्यक्ष ताँजाकोट गाउँपालिका |
| ६ श्री शुशिला रोकाया | उपाध्यक्ष सिमकोट गाउँपालिका |
| ७ श्री सिदद कार्की | २ नं वडा अध्यक्ष सर्केगाई गाउँपालिका |
| ८. श्री पासाङ लामा | २ नं वडाध्यक्ष, नाम्खा गाउँपालिका |

बोधार्थ

१ श्री संघिय मालिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमान्डौं
२ श्री भुमि ब्यबस्था तथा गरिवि निवारण मन्त्रालय सिंहदरवार काठमान्डौ
३ श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय विरेन्द्रनगर सुर्खेत कर्णाली प्रदेश
४ श्री मुख्यमन्त्री तथा मुन्त्रीपरिषदको कार्यालय धनगढी कैलाली सुदुरपश्चिम प्रदेश
५ श्री माननीय जयपती रोकाया प्रतिनिधि सभा सदस्य हुम्ला
६ श्री मानीय जनकराज गिरी प्रतिनिधि सभा सदस्य बाजुरा



नेपालबोट
वास्तविक समाचार, सन्तुलित बिचार